☎ ९८५४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा

स्थापना २०७३

प.सं. योजना २०७६/०७६

च.नं.- ०८

मिति :- २०७६/४/२

**विषय: समिति गठन गरिएको सम्वन्धमा ।**

संयोजक (उप प्रमुख) श्री तारा कुमारी बस्नेत (लामा)

मिथिला नगरपालिका ।

उपर्युक्त विषयमा मिथिला नगरपालिकाको मिति २०७६।४।२ गते बसेको कार्यपालिकाको बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०७५।०७६ मा नगर क्षेत्र भित्र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, तराई मधेश सम्वृद्धि कार्यक्रम, प्रदेश सरकारका कार्यक्रम र नगर सभाबाट स्वीकृत नगर तथा वडा स्तरीय विकास निर्माणका कार्यहरु उपभोक्ता समितिबाट र निर्माण व्यवशायीबाट निर्माण कार्य सम्पन्न भई भुक्तानी भएका, भुक्तानी हुने क्रममा रहेकोमा मिति २०७६ साल असार २६ गते देखि ऐ ३० गते सम्म देशै भर आएको भारी अबिरल वर्षाको कारण ती योजनाहरु आंशिक तथा पूर्ण क्षति भएको भनी विवरण प्राप्त भएकोले क्षतिको एकिन गरी भुक्तानी दिन बाँकी रहेका योजनाको भुक्तानी सम्वन्धमा आवश्यक सिफारिश गर्न तपाई संयोजक रहेको निम्न ७ सदस्यीय एकिन क्षति विवरण तयारी तथा भुक्तानी सिफारिश समिति गठन गरिएको छ ।

उल्लेखित व्यहोरा अनुसार तोकिएका कर्मचारीहरुको समेत संलग्न गराई क्षति भएका योजना स्थलको स्थलगत निरीक्षण गरी प्रहरी प्रशासन, निर्माणमा सम्वद्ध उपभोक्ता समिति, निर्माण व्यवशायी, स्थानीय लाभग्राही सरोकारवाला र सम्वन्धित वडाका वडा अध्यक्ष समेतको रोहबरमा मुचुल्का समेत गरी के कस्तो निर्माण भएको थियो र के कस्तो क्षति भएको छ ? एकिन विवरण तयार गरी भुक्तानीको प्रक्रियामा रहेका योजनाहरुको क्षति भए नभएको अवस्था एकिन गरी भुक्तानी दिने प्रक्रियाको लागि सिफारिश गर्न हुन अनुरोध गर्दछु ।

तपसिल

सदस्य (वडा अध्यक्ष, वडा नं. २) श्री विहारी महतो
सदस्य (वडा अध्यक्ष, वडा नं. ३) श्री राम एकवाल महतो
सदस्य ( वडा अध्यक्ष, वडा नं. ५) श्री श्यामबाबु यादव
सदस्य ( का.पा.सदस्य ) श्री ठेट कुमारी दहाल
सदस्य ( का.पा.सदस्य) श्री देवी वहादुर तोलांगे
सदस्य (का.पा.सदस्य) श्री राजदेव ठाकुर

सहयोगी कर्मचारीहरु

अधिकृत सातौ श्री केशब कुमार अधिकारी
ई.श्री ज्ञानेन्द्र कुमार देव
ई श्री जय गणेश सिंह
सहायक पाँचौ श्री शिव शंकर प्रसाद सिंह
सव ई श्री लालबाबु महतो
अ.सव. ईन्जिनियर श्री उमेश कुमार राय
" " " श्री मनिता अर्याल

वोधार्थ:-

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, धनुषा : आवश्यक सहयोगका लागि अनुरोध छ ।
श्री जिल्ला प्रहरी कार्यालय, धनुषा : आवश्यक सहयोगका लागि अनुरोध छ ।
श्री ईलाका प्रहरी कार्यालय, ढल्केबर, धनुषा : स्थलगत क्षति एकिन गर्न १ जना प्रतिनिधि पठाई सहयोग गरी दिन हुन ।
श्री सबै वडा कार्यालयहरु (१-११) : आवश्यक सहयोग गर्नु हुन ।
श्री निर्माण कार्यमा सम्वद्ध सबै उपभोक्ता समिति र निर्माण व्यवशायी कम्पनीहरु ।
श्री सूचना प्रविधि शाखा : वेवसाईट र फेसबुक पेजमा अपलोड गर्नु हुन ।
मिथिला नगरपालिका ।

०७६/४/२

हरि नारायण महतो
प्रमुख